

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १८८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन ७ गते शनिबार ❑ 23 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## तरलताको समस्या समाधानका लागि मौद्रिक नीतिको नयाँ व्यवस्था

**रासस**
**काठमाडौं, ६ साउन**

बैंक तथा वित्तीय संस्थामा तरलताको चाप परेको छ । त्यसको समाधानका लागि कुन न कुनै उपायको खोजी गर्नु आवश्यक नै थियो ।

सोही आवश्यकतालाई दृष्टिगत गरेर चालु आवको मौद्रिक नीतिमार्फत खुला बजार कारोबार स्थिरीकरण कोषको व्यवस्था गरी कार्यान्वयनमा ल्याउने भएको छ । खुल्ला बजार कारोबार स्थिरीकरण कोषमार्फत तरलताको समस्या समाधान गर्ने केन्द्रीय बैंकले लक्ष्य राखेको छ ।

यस्तै मौद्रिक नीतिमार्फत केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थालाई अघिल्लो साताको अन्त्यमा कायम रहेको सम्बन्धित संस्थाको स्वदेशी मुद्रामा रहेको कूल निक्षेपको एक प्रतिशतभन्दा बढी बक्यौता नहुने गरी तोकेको ऋणपत्रको धितोमा अधिकतम पाँच दिनसम्म अवधिको स्थायी तरलता सुविधा बैंक दरमा उपलब्ध गराउने व्यवस्था गरिएको छ । त्यसका लागि केन्द्रीय बैंकले विद्यमान कार्यविधिमा आवश्यक संशोधन गर्ने लक्ष्य राखेको छ । नीतिमार्फत अन्तरबैंक बजार, दैनिक तरलता सुविधा, खुला बजार कारोबार र स्थायी तरलता सुविधा प्रदान गरिने भएको छ । अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर नीतिगत दरको तुलनामा दुई प्रतिशतभन्दा बढी विन्दुले तलमाथि भएमा रिपो र रिभर्स रिपो बोलकबोल खुला राख्ने व्यवस्था मिलाउने मौद्रिक नीतिमा समावेश छ । यसैगरी अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर नीतिगत दरको तुलनामा तीन प्रतिशत विन्दुभन्दा बढीले घट्न गएमा निक्षेप बोलकबोल खुला हुने व्यवस्था मिलाउने राष्ट्र बैंकले जनाएको छ । भुक्तानी प्रणालीलाई सहज र विश्वसनीय बनाउने उद्देश्यले सरकारी ऋणपत्रको धितोमा बैंक तथा वित्तीय संस्थालाई राष्ट्र बैंकले उपलब्ध गराउने विद्यमान दैनिक तरलता सुविधालाई आवश्यकताअनुसार उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपातलाई २०७९ भदौ १ गतेदेखि लागू हुने गरी एक प्रतिशत विन्दुले वृद्धि गरी चार प्रतिशत पुऱ्याउने व्यवस्था गरेको छ । त्यस्तै वैधानिक तरलता अनुपातलाई वृद्धि गरी २०७९ पुस मसान्तसम्ममा वाणिज्य बैंकहरूले १२ प्रतिशत, विकास बैंक र वित्त कम्पनीहरूले १० प्रतिशत पुऱ्याउनुपर्ने व्यवस्था गरिएको छ ।

## प्रमुख आचार्य पर्यटन मन्त्रालयको विषयगत समितिमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ साउन**

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको विषयगत समितिमा सदस्य तोकिनुभएको छ ।

मन्त्रालयको नीतिगत छलफल हुने सो समितिमा उहाँ देशभरका ७५३ स्थानीय तहका तर्फबाट सदस्य तोकिनुभएको बताइएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको अध्यक्षता रहने समितिमा सातवटै प्रदेशका पर्यटनमन्त्री सदस्य रहने व्यवस्था छ । प्रमुख आचार्यलाई सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ को उपदफा (१) (ग) बमोजिमको स्थानीय तहतर्फको विषयगत समितिको



सदस्य पदमा मन्त्रीस्तरीय निर्णयबाट यही साउन १ गते सदस्य तोकिएको हो ।

पोखरालाई देशकै पर्यटकीय राजधानी घोषणाका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने तयारीमा रहेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पोखराका प्रमुख आचार्यलाई विषयगत समिति सदस्य तोक्नुले पर्यटकीय सहर पोखरालाई महत्व दिएको मानिएको छ । प्रमुख आचार्यले देशभरका स्थानीय तहमध्येबाट पोखरा महानगरको प्रमुखलाई नियुक्त गरिनुले पर्यटकीय सहर पोखरा र पोखरावासीको अपनत्व लिएको बताउनुभयो । उहाँले पर्यटन मन्त्रालय र मन्त्रीप्रति आभार प्रकट गर्दै पोखरालाई छिट्टै पर्यटकीय राजधानी घोषणा गरिने विश्वाससमेतव्यक्तगर्नुभयो।उहाँले भन्नुभयो, "हामीले पोखरालाई पर्यटकीय राजधानी घोषणाका लागि निर्णय गरेर ताकेता गरिरहेका छौं, सङ्घीय पर्यटनमन्त्रीज्यूले यसको प्रक्रिया आगाडि बढाएको र मन्त्रिपरिषद्मा लैजाने पनि जानकारी दिइसक्नुभएको छ, मन्त्रालयको विषयगत समितिमा पनि देशभरका स्थानीय तहमध्येबाट पोखरालाई प्राथमिकता दिनुले यहाँको पर्यटकीय महत्व उहाँले पक्कै बुझ्नुभएको छ भन्ने लाग्छ ।"

## कोभिड संक्रमणदर बढेपछि बस्यो सिसिएमसी बैठक

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ साउन**

कोभिडको संक्रमणदर बढेपछि रोकथाम र नियन्त्रणका लागि गण्डकी प्रदेश सरकार तयारीमा जुटेको छ । यसका लागि बिहीबार प्रदेशस्तरीय कोभिड १९ नियन्त्रण निर्देशक समितिको बैठक बसेको छ । समितिको अध्यक्ष मुख्यमन्त्री रहने व्यवस्था छ ।

बैठकले सबै सरकारी, गैरसरकारी कार्यालयहरू तथा मानिसको भीडभाड हुने स्थान, विश्वविद्यालय, विद्यालय र शिक्षण संस्था, धार्मिक स्थल र नियमित भिडभाड हुने प्रकृतिका व्यावसायिक तथा मनोरञ्जनस्थलहरूका साथै गोष्ठी, सेमिनार, बैठक जस्ता मानिसको जमघट हुने कार्यक्रममा अनिवार्य मास्क लगाउने, सेनिटाइजरको व्यवस्था गर्ने जस्ता जनस्वास्थ्यका मापदण्डहरूको अनिवार्य पालना गर्ने व्यवस्था मिलाउन समन्धित सबैलाई अनुरोध गर्ने निर्णय गरेको छ ।

कोभिड १९ संक्रमणको पछिल्लो अवस्था र सो को तयारी तथा प्रतिकार्यका अतिरिक्त संक्रमण रोकथाम र जोखिम नियन्त्रणका लागि गण्डकी प्रदेशका अस्पताल र स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधी, औजार/उपकरण एवं जनशक्तिको व्यवस्थापन गरी तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय बैठकले गरेको छ । मानिसहरूको जमघट र भिडभाड हुने स्थानहरूमा कोभिड १९ नमुना परीक्षण अभियान सञ्चालन गरी समुदायस्तरमा फैलन नदिन सचेत गराउने र नियमित परीक्षणको दायरालाई बढाउने व्यवस्था मिलाउने निर्णय भएको प्रमुख सचिव रविलाल पन्थले जानकारी दिए ।

कोभिड १९ विरुद्धको खोप कार्यक्रमलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न खोप नलगाएका, पूर्ण मात्राको खोप नलगाएका तथा अतिरिक्त बुस्टर मात्रा लगाउने समय भएका व्यक्तिहरूलाई खोप लगाउन अनुरोध गर्ने निर्णय भएको प्रमुख सचिव पन्थले बताए ।

कोभिड १९ सम्बन्धी कुनै पनि जिज्ञासा भएमा संघीय सरकारले व्यवस्था गरेको ११११५ नम्बर वा फोन मार्फत् चिकित्सकीय सेवा आवश्यक परेमा निशुल्क हटलाइन नम्बर ११३३ मा सम्पर्क गर्न र गण्डकी प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्रको निशुल्क हटलाइन नम्बर १०९२ मा सम्पर्क गर्न अनुरोध गर्ने निर्णय भएको स्वास्थ्य सचिव डा. श्रीराम तिवारीले जानकारी दिए । मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले ३ तहका सरकारको समन्वयकै कारण गतविगतमा कोरोना महामारी नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेशमा प्रभावकारी काम भएको उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले अब पनि त्यसै अनुसार अगाडि बढ्न निर्देशन दिएका छन् ।

कोरोना संक्रमणका कारण आइसोलेनसमा रहेका मुख्यमन्त्री पोखरेलले जुम मिटिङमा भने, 'महामारी कसरी बढ्दै जाने हो, त्यसको आँकलन गर्न सकिँदैन, विगतको अनुभवलाई अहिले प्रयोग गर्नुपर्छ।' अस्पतालहरुमा आवश्यक सामग्रीदेखि जनशक्ति व्यवस्थापनका लागि उपयुक्त कदम चाल्न उनले स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिएका छन् । खोपको प्रवन्धका अतिरिक्त पिसिआर परीक्षण, अस्पतालहरुमा शय्याको प्रबन्ध लगायत विषयमा कति पनि कमजोरी नदेखिने गरी काम गर्न उनले आग्रह गरेका छन् । कोरोनाको प्रभाव

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रतिनिधिसभाबाट नागरिकता विधेयक पारित

**रासस**
**काठमाडौं, ६ साउन**

प्रतिनिधिसभाको आजको बैठकले बहुप्रतीक्षित नेपाल नागरिकता ऐन, २०६३ (पहिलो संशोधन), विधेयक २०७९ पारित गरेको छ ।

बैठकमा सो विधेयकबारे दफाबार छलफलमा सांसदहरूले राख्नुभएको जिज्ञासामा गृहमन्त्री बालकृष्ण खाणले जवाफ दिनु भएपछि निर्णयार्थ प्रस्तुत गरिएको थियो । मन्त्री खाणले प्रस्तुत गर्नुभएको प्रस्ताव बहुमतले पारित भएको हो । विधेयकमा भएको प्रावधानबारे वैवाहिक अङ्गीकृत नागरिकता पाउनका लागि सात वर्ष समयसीमा तोक्ने र नेपालीसँग विवाह गर्ने विदेशी पुरुषले नागरिकता लिन चाहेमा व्यवस्था हुनुपर्ने भन्ने सम्बन्धमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले) का सांसदहरूका तर्फबाट प्रस्तुत संशोधन प्रस्तावहरू बहुमतले अस्वीकृत भएको थियो । विधेयकमा ९४ विषयमा ४५ जना सांसदले संशोधन प्रस्ताव पेस गर्नुभएको थियो । वैवाहिक अङ्गीकृत नागरिकताका लागि सात वर्ष समयसीमा तोक्नेबारेमा विगतमा प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा सहमति भएको थियो ।

## प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न सरकार प्रतिबद्ध : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, ६ साउन**

नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न वर्तमान सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ । नेपाल प्रेस युनियनको नवौं राष्ट्रिय महाधिवेशनको आज हेटौंडामा उद्घाटन गर्नुहुँदै उहाँले संविधानमा उल्लेखित प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्दै मानव अधिकारको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मिडिया सेन्टर सञ्चालनको जिम्मा खेलकुद पत्रकार मञ्च गण्डकीलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ साउन**

पोखरा रंगशाला भित्र रहेको मिडिया सेन्टर नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीलाई हस्तान्तरण गरिएको छ ।

शुक्रबार एक समारोहका बिच उक्त मिडिया सेन्टर संचालन तथा व्यवस्थापनको लागि नेपाल खेलकुद पत्रकार मंच गण्डकीलाई हस्तान्तरण गरिएको हो । मिडिया सेन्टर व्यवस्थापन समितिका अध्यक्ष केशव पाठकले मञ्च अध्यक्ष दीननाथ बराललाई पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीको रोहबरमा मिडिया सेन्टर हस्तान्तरण गरेका हुन् ।

मिडिया सेन्टरको व्यवस्थापन र सञ्चालनको जिम्मेवारी ग्रहण गर्दै मञ्चका अध्यक्ष बरालले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता लक्षित हुने गरी हस्तान्तरण भएको उक्त मिडिया सेन्टरका कम्पुटर,



ल्याप्टप सहितका जिन्सि सामाग्रिको उचित संरक्षण गर्ने बताए । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको रिपोटिङ गर्न पूग्ने संचारकर्मीहरुको लागि मिडिया सेन्टर चुस्त दुरुस्त अवस्थामा राख्ने उनको भनाइ थियो । मञ्चलाई मिडिया सेन्टर हस्तान्तरण गर्न सहयोग पुराउने राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङ सहितका अन्य खेलकुदकर्मी तथा मञ्चका पूर्व अध्यक्ष समेत रहेका मिडिया सेन्टर व्यबस्थापन समितिका अध्यक्ष पाठकप्रति आभार व्यक्त गरे । मिडिया सेन्टरमा रहेका जिन्सि सामाग्रि चुस्त दुरुस्त बनाउदै पोखरा रंगशालामा कुनै पनि जिल्ला तथा प्रदेश, राष्ट्रिय एवं अन्तराष्ट्रिय प्रतियोगिता हुँदा मिडिया सेन्टरको कार्यालय खुल्ला रहने मञ्चले जनाएको छ । उक्त मिडिया सेन्टरमा ११ थान डेल ब्राण्डको कम्युटर, २ थान ल्यापटप, स्टिल दराज इएक थान, १२ थान कम्पुटर टेवल, २ थान कार्यालय टेवल, एक सेट साउण्ड सिस्टम, ठुलो प्रिटर मेसिन एक थान, ६५ इन्चको एक थान टिभि, एक थान प्राजेक्टर लगायतका संचार सामाग्रि रहेको मञ्चका सचिव शशिकुमार पौडेलले जनाए ।

मिडिया सेन्टर हस्तान्तरण समारोहमा क्षेत्रिय खेलकुद विकास समितिका कार्यालय प्रमुख योगी, कार्यालयका नायब सुब्बा डिबी नेपाली, इन्जिनियर अनिल अधिकारी, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख प्रकाश बराल, मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठ, सचिव शशि कुमार पौडेल, सदस्य सुर्दशन रन्जित, राजु गिरी, नारायण शाही, दीपक मुल्मी लगायतको सहभागिता रहेको मञ्चका महासचिव राजाराम पौडेलले बताए । मञ्चले गत असार १८ गते पोखरामा छेटौं संस्करणको पोखरा स्पोटर्स अवार्ड सम्पन्न गरेको थियो । मञ्चले अब छिट्टै खेलकुद सम्बन्धि तालिम समेत आयोजना गर्ने भएको महासचिव पौडेलले जनाए ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेपाली काँग्रेस पोखरा महानगर समितिको रक्तदान

पोखरापत्र संवाददाता

पोखरा, ६ साउन

नेपाली कांग्रेसका संस्थापक एवं नेपालका प्रथम जन निर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोईरालाको ४० औं स्मृति दिवस विहीबार मुलुकभर विभिन्न कार्यक्रम गरी मनाइँएको छ।

यसैक्रममा नेपाली काँग्रेस पोखरा महानगर समितिले पनि विहीबार रक्तदान कार्यक्रमको आयोजना गरी विपीको स्मृति दिवस मनाएको छ । नेपाली काँग्रेस कास्की जिल्ला समितिको सहयोग र क्षेत्रीय समितिहरुको संयोजनमा आयोजित रक्तदान कार्यक्रममा ८१ युनिट रगत संकलन भएको छ । कार्यक्रमको उद्घाटन गर्दै कानुन तथा संचार मन्त्री विन्दुकुमार थापाले नेपाली राजनीतिक इतिहासमा विपी कोइराला सबैको जननायक भएको स्मरण गर्दै विपीको चिन्तन र विपी मार्ग अवलम्वनले मात्र हरेकको राजनीतिक यात्राले स्थायित्व प्राप्त गर्ने बताए। विपीको नीति र सिद्धान्तमा कांग्रेस अडिक भएर हिड्न सके सधै पहिलो पार्टी बन्न सक्ने बताए। नेपाली



काँग्रेस गण्डकी प्रदेशका प्रवक्ता माधवप्रसाद बाँस्तोला मधुले जननायक विपी कोइरालाको समाजवादमा केन्द्रित रहेर राज्यको हरेक तहमा प्रमुख भुमिका निर्वाह गर्दै जनताको दुखमा साथ दिनु पार्टीको दायित्व भएको बताए।

कार्यक्रममा संविधानसभा सदस्यद्वय शारदा पौडेल र कृष्णकुमारी परियार, नेपाली काँग्रेस क्षेत्र नं १ का क्षेत्रिय सभापति राजेन्द्रमणि लामिछाने, क्षेत्र नं २ का क्षेत्रीय सभापति केशरप्रसाद निर्दोषी, डा. दीपक सुवेदी, महाधिवेशन प्रतिनिधि लक्ष्मी पान्डेलगायतले जनताको समानताकालागि शिक्षा स्वास्थ्यको अवसर हरेक वर्ग र समुदायमा पुर्याउन सक्नु विपीको समाजवादको प्रमुख शर्त रहेको स्मरण गरेका थिए । रक्तदान कार्यक्रमका संयोजक तथा नगर कोषाध्यक्ष सम्बरबहादुर श्रेष्ठले पार्टीको नीति र कार्यक्रम जनमुखी हुनुपर्छ भन्ने मान्यतालाई अंगीकार गर्दै विपी स्मृति दिवसमा रक्तदान कार्यक्रमको आयोजना गरिएको स्पष्ट पारे । नगर प्रवक्ता धनन्जय पौडेलले नेपालमा राष्ट्रियता, प्रजातन्त्र र समाजवाद स्थापनाका लागि राजनीतिक नेतृत्व प्रदान गरेका प्रथम जननिर्वाचित प्रधानमन्त्री कोइरालाको स्मृतिमा सामाजिक कार्य अन्तरगत रक्तदान कार्यक्रमको आयोजना गरिएको गुरुकुल खबरलाई बताए।

नेपाली काँग्रेस पोखरा महानगरका सभापति सुरेन्द्रमान विजुक्छेले कार्यक्रम समापनका अवसरमा बोल्दै लोकतान्त्रिक अभ्यासमा मुलुकको शासन व्यवस्थालाई कायम गर्दै व्यक्तिको स्वतन्त्रताको सम्मान गर्न सक्नु पर्नेमा जोड दिए । सभापति विजुक्छेलले हुँदा खाने वर्गलाई माथि ल्याउने हिसाबबाट विपीको समाजवादलाई आजको सन्दर्भसँग जोडेर पार्टीको नीति र कार्यक्रमहरु ठोस रुपमा विस्तार गर्दै लग्नु पर्ने आवश्यकता औंल्याए । कार्यक्रमको संचालन गरेका सचिव टुवराज बाँस्तोलाले रक्तदान गरेर जीवनदान गरेकाहरुलाई धन्यवाद दिदै कार्यक्रम सफल बनाउन सहयोग गर्नेप्रति आभार व्यक्त गरेका थिए । यसैबीच कानुन तथा संचार मन्त्री विन्दुकुमार थापाले नेपाली काँग्रेस पोखरा महानगर समितिलाई सहयोग स्वरुप ७० हजार रुपैयाँ बराबरको एक थान कम्प्युटर र एक थान प्रिन्टर सभापति सुरेन्द्रमान विजुक्छेलाई हस्तान्तरण गरेका थिए । भने सोही कार्यक्रममा सभापति विजुक्छेले नेपाली काँग्रेस कास्कीका क्रियाशिल सदस्य सन्तबहादुर परियारलाई व्यक्तिगत रुपमा पाँच हजार रुपैयाँ नगद सहयोग स्वरुप प्रदान गरेका थिए।

# सक्रमण बढ्दै गएपछि भीडभाड र सावधानी अपनाउन मन्त्रालयको आग्रह

रासस

काठमाडौं, ६ साउन

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि भीडभाड नगर्न र सावधानी अपनाउन सबैलाई आग्रह गरेको छ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले विज्ञप्ति जारी गर्दै भीडभाड हुने स्थानमा अनिवार्य मास्क र सेनिटाइजरको प्रयोग गर्न आग्रह गर्नुभएको छ।

सबै सरकारी, गैरसरकारी कार्यालय तथा मानिसको भीडभाड हुने स्थानमा अनिवार्यरूपमा मास्कको प्रयोग गर्नु गराउनु हुन तथा प्रवेशद्वारमा सेनिटाइजरकोव्यवस्थागर्नुगराउन आग्रह गरिएको छ।

यस्तै विमानस्थल, हवाईलगायत सार्वजनिक यातायातमा मास्क अनिवार्य प्रयोग गर्न गराउनु हुन तथा सेनिटाइजरको व्यवस्था गर्नु गराउन, गोष्ठी, सेमिनार, बैठकजस्ता भीडभाड हुने कार्यक्रममा मास्कको प्रयोगलाई अनिवार्य गर्ने र सेनिटाइजरको व्यवस्था मिलाउन आग्रह गरिएको छ । यस्तै विद्यालय, विश्वविद्यालय, धार्मिक स्थल, भीडभाड हुने प्रकृतिको व्यावसायिक तथा मनोरञ्जनस्थल, रङ्गशाला आदिजस्ता सार्वजनिकस्थलमा मास्कको अनिवार्य प्रयोग गर्न, स्वास्थ्य संस्थाले सङ्क्रमण रोकथाम नियन्त्रण तथा उपचार व्यवस्थापनका लागि आवश्यक व्यवस्थापन गर्न गराउन आग्रह गरिएको छ। यस्तै कोभिड-१९ विरुद्धको खोप कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्न निर्देशन दिँदै खोप लगाउन बाँकी रहेका सबैलाई खोप लगाउन आग्रह गरिएको छ।

यस्तै अन्तर्राष्ट्रिय हवाई तथा स्थलगत प्रवेश नाकामा निगरानी थप बलियो र प्रभावकारी बनाउन, भीडभाड हुने स्थानमा कोभिड-१९ नमूना परीक्षण अभियान सञ्चालन गरी समुदायस्तरमा कोभिडको अवस्थालाई थप विश्लेषण गर्दै प्रभावकारी कदम चाल्न अनुरोध गरिएको छ।

## प्रेस तथा...

प्रत्याभूति गर्न सरकार दृढ छ भन्नुभयो।

उहाँले भन्नुभयो, "आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रमले जनतालाई आर्थिक समृद्धितर्फ डोर्‍याउँछ।" प्रधानमन्त्री देउवाले सञ्चारकर्मीलेपनि देशर जनताप्रति उत्तरदायी बहन गर्दै सत्य र निष्ठ समाचारलाई जनतासामु सम्प्रेषण गर्ने बानीब्यहोरालाई आत्मसात् गर्नसके मात्र प्रजातन्त्रको सुदृढीकरणमा बल मिल्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "मुलुकको प्रजातन्त्र र राष्ट्रियताको सम्वर्द्धन गर्न नेपाल प्रेस युनियनको भूमिका अपरिहार्य हुन्छ ।" प्रधानमन्त्री देउवाले नागरिकता सुलभ ढङ्गबाट उपलब्ध गराउन सरकारले अहिले प्रतिनिधिसभामा नागरिकतासम्बन्धी नयाँ विधेयक दर्ता गरेको जानकारी दिनुभयो।

उहाँले देशमा विद्युत्को उत्पादन वृद्धि गरेर बाह्य मुलुकमा निर्यात गर्ने लक्ष्यका साथ आगामी वर्षमा विद्युत् उत्पादनलाई केन्द्रबिन्दुमा राखेर बजेट विनियोजित गरिएको बताउनुभयो । सो अवसरमा प्रधानमन्त्री देउवाले युनियनद्वारा प्रकाशित स्मारिकाको विमोचन गर्नुभयो । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सञ्चारकर्मीको हकहित, सुरक्षा तथा पत्रकारिताको समग्र उन्ननयका लागि सञ्चारकर्मीको पेशागत सङ्घसंस्थासँग सहकार्य गरेर अघि बढ्न सरकार तयार रहेको बताउनुभएको छ।

प्रेस र अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्दै राष्ट्रिय एकतालाई बलियो र सुदृढ बनाउनुपर्छ भन्नुभयो । उहाँले भन्नुभयो, "सरकार र जनताकाबीचमा प्रेसले पुलका रुपमा काम गर्नुपर्छ । जनताको आर्थिक र सामाजिक रुपान्तरण गर्नुपर्छ ।" उहाँले आर्थिक समृद्धि हासिल गर्न सरकारले आर्थिक 'प्याकेज' र पूर्वाधारको योजना नीति तथा कार्यक्रममार्फत कार्यान्वयन गरिराखेको बताउनुभयो । सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री कार्कीले नागरिकता वितरण लाई सहजीकरण गर्न सरकारले प्रतिनिधिसभामा नयाँ नागरिक विधेयक दर्ता गरेको जानकारी दिनुभयो।

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले मुलुकमा प्रजातन्त्रको रक्षाका लागि प्रेस र अभिव्यक्ति स्वतन्त्रताको जीवन्त राख्न राजनीति दलले आफूलाई सत्ताप्राप्तिको स्तम्भबाट बाहिर निकालेर देश र जनताप्रति उत्तरदायी बहन गर्नुपर्छ भन्नुभयो। उहाँले भन्नुभयो, "प्रजातन्त्रलाई गतिशील र प्रेस स्वतन्त्रतालाई सधैँ जीवन्त पार्नुपर्छ।"

# साफ च्याम्पियनसिप खेल्न जाने नेपाली टोलीको बिदाइ

रासस

काठमाडौं, ६ साउन

भारतको भुवनेश्वरमा आयोजना हुने यु-२० पुरुष साफ च्याम्पियनसिपमा सहभागिता जनाउन जाने नेपाली फुटबल टोलीलाई शुक्रबार बिदाइ गरिएको छ।

यही साउन ९ देखि २० गतेसम्म आयोजना हुने उक्त च्याम्पियनसिपमा सहभागी हने नेपाली फुटबल टोलीलाई अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का अध्यक्ष पङ्कजविक्रम नेम्वाङ, राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टङ्कलाल घिसिङलगायत एन्फाका पदाधिकारीले सफलताको गर्दै बिदाइ गर्नुभएको हो।

उक्त प्रतियोगितामा आयोजक भारतसँगै नेपाल, बङ्गलादेश, माल्दिभ्स र श्रीलङ्का गरी पाँच टोलीको सहभागिता रहेको छ। नेपालले माल्दिभ्ससँग प्रतिस्पर्धा गर्दै उक्त प्रतियोगिता उद्घाटन गर्नेछ । उक्त खेल यही साउन ९ गते हुनेछ। यसैगरी नेपालले दोस्रो खेल साउन ११ गते श्रीलङ्कासँग र तेस्रो खेल आयोजक भारतसँग खेल्नेछ । नेपाल र भारतबीचको खेल साउन १५ गते हुनेछ । त्यस्तै नेपालले साउन १७ गते बङ्गलादेश खेल्ने छ। प्रतियोगितामा शीर्ष दुई स्थान हात पार्ने टोलीले यही साउन २० गते अन्तिम चरणको खेल्नेछन्।

नेपाली टोलीको गोलकिपरमा ईश्वर गुरुङ, उनेश चौधरी र जियारथ शेख छन्। यसैगरी डिफेन्डरमा अमर श्रेष्ठ, सोनित दाहाल, आयुश श्रेष्ठ, अजय चौधरी, सुमित श्रेष्ठ, सिर्जन धानी, रोशन थापा र अभिषेक वाइवा रहेका छन्।

मिडफिल्डरमा दिपेश गुरुङ, आशिष राई, सन्दीप कार्की, जन्मजय धामी, मोहित गुरुङ, कृतिषरत्न छुन्जु, सुगम सुवाल, मनग्य नकर्मी र आयुष घलान छन् भने फरवार्डमा दिपेश राई, निरञ्जन मल्ल र रोहन खड्गी रहेका छन्। नेपाली टोली आजै त्यसतर्फ प्रस्थान गर्दैछन्।

## कोभिड...

घट्दै गएको र खोपको मात्रा पूरा गरेकाले ढुक्क भएर मास्क र सेनिटाइजर प्रयोग कम गर्न थालेकोतर्फ ध्यानाकर्षण गराउँदै मुख्यमन्त्री पोखरेलले यसतर्फ पनि सचेत रहन सर्वसाधारणमा अनुरोध गरेका छन्।

बिहीबार गण्डकी प्रदेशमा ६४ जनाको पिसिआर परीक्षण गरिएकामा २४ जनामा संक्रमण देखिएको छ। अहिले प्रदेशभर १ सय ३१ जना संक्रमित रहेकामा ३ जनामात्र अस्पतालमा भर्ना भएका छन् । अहिले कास्की, स्याङ्जा, तनहुँ, नवलपरासीमा मात्र सक्रिय संक्रमित छन् । बैठकमा स्वास्थ्य तथा जनसंख्या मन्त्री मधुमाया अधिकारी गुरुङले जिल्लास्तरमा रहेका अस्पतालहरुमा जनशक्ति र अन्य प्रबन्धका लागि समन्वय भइरहेको जानकारी गराइन्। कोभिड कोषबाट तलब खानेगरी नियुक्त गरिएका कर्मचारीको करार अवधि सकिएकाले अब फेरि ओएन्डएम गरेर नियुक्त गर्न लागिएको उनले बताइन् । उक्त अवसरमा वन तथा वातावरण मन्त्री दीपक थापा, आन्तरिक मामिला मन्त्री डोबाटे विश्वकर्मा, प्रमुख सचिव रविलाल पन्थले समसामयिक विषयमा भनाइ राखेका थिए । मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय गण्डकीका सचिव डा. विनोदविन्दु शर्मा, प्रदेश आपूर्ति केन्द्रका निर्देशक डा. रोशन न्यौपानेले कोभिड नियन्त्रणमा विगतमा गरेका अभ्यास र अब चाल्नुपर्ने उपायका बारेमा प्रस्तुति गरेका थिए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. श्रीराम तिवारीले जनशक्तिवाहेक अरु सबै हिसावमा मन्त्रालय तयारी अवस्थामा रहेको भनाइ राखे । उक्त अवसरमा कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, संक्रामक तथा सरुवा रोग अस्पतालका कार्यकारी निर्देशक डा. विकास गौचन, नेपाल प्रहरीका डिआइजी, सशस्त्र प्रहरीका प्रदेश प्रमुख, नेपाली सेनाको ३ नम्बर वाहिनीका वाहिनीपतिलगायतले आवश्यक तयारीका बारेमा जानकारी गराए।

# कतार विश्वकपका लागि नेपाली श्रमिक लैजान अनुमति

रासस

काठमाडौं, ६ साउन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सन् २०२२ को नोभेम्बरदेखि कतारमा सुरु हुने विश्वकप फुटबल प्रतियोगिताका लागि नेपाली श्रमिक लैजान अनुमति दिएको छ। प्रतियोगिता अवधिभर कतारका विभिन्न कम्पनीले छोटो अवधिका लागि नेपाली श्रमिक लिन चाहेकाले मन्त्रालयले अनुमति दिएको हो।

सो अवधिका लागि सरकारले नेपाली श्रमिक पठाउँदा सबै प्रक्रिया पूरा गरेर पठाउने निर्णयसमेत गरेको छ। काम नै छोटो अवधिका लागि पठाउने भएकाले उनीहरूको श्रम स्वीकृति प्रदान गरेर नै पठाउने निर्णय गरेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव तथा रोजगार व्यवस्थापन महाशाखाका प्रमुख राजीव पोखरेलले जानकारी दिनुभयो। कतारका रोजगारदाताले विश्वकपका लागि नेपाली श्रमिक ल्याउन चाहेको दूतावासलाई जानकारी गराएको थियो । श्रमिक माग भएको जानकारी प्राप्त हुनासाथ दूतावासले श्रम मन्त्रालयलाई पत्र लेखेको थियो । मन्त्रालयले निर्णय गरिदिएसँगै दूतावासले छोटो अवधिका लागि श्रमिक लैजान इच्छुक रोजगारदाताले ल्याएका माग प्रमाणीकरण गर्ने भएको छ।

सरकारले शून्य लागतमा श्रमिक लैजान सम्बन्धित कम्पनीलाई अनुमति दिनेछ । श्रमिकको दुईतर्फी हवाई टिकटसहित भर्ना प्रक्रियामा लाग्ने सम्पूर्ण खर्चसमेत रोजगारदाताले नै बेहोर्नुपर्ने छ। त्यस्ता श्रमिकले कतारमा काम गर्ने अवधि छ महिनाभन्दा कम समयको हुनेछ। म्यानपावर कम्पनीबाहेक व्यक्तिगत रूपमा यसरी छोटो समयको रोजगारीका लागि जान खोज्नेले भिसा ल्याएर श्रम स्वीकृति लिन आएमा पनि श्रम स्वीकृति प्रदान गर्ने मन्त्रालयले जनाएको छ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (वाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# डेंगु ज्वरो : उपचार र बच्ने उपाय

-डा राजकुमार बिक

हिजो आज कान्ति बाल अस्पतालमा सेवाग्राहीको चाप निकै बढेको छ । केही दिनएता बालबालिकामा ज्वरोको समस्या एकदमै बढेसँगै ओपिडी तथा राती अबेरसम्म पनि बच्चाहरु बोकी आमाबुवा इमरजेन्सीमा लामबद्ध भइ बसेका हुन्छन् । ज्वरो आउने धेरै कारण मध्ये डेंगु ज्वरो पनि भएको र काठमाडौं उपत्यका लगायत देशको विभिन्न भागमा दिनानु केस बढ्दै गएकाले साथै असारदेखी भदौमा बढी देखिने र जोखिम हुने भएकाले आजको यस अंक मा डेंगु रोग बारे जानकारी गराउने छु।

स्वास्थ्य मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले साप्ताहिक रुपमा प्रकाशन गर्ने बुलेटको तथ्यांकलाई आधार मान्ने हो भने यो एक महिनाको समयमा नेपालभरीमा करिब १४९ जना डेंगुका केस फेला परेका छन् । गएको असारको अन्तिम हप्ताको मात्रै रिपोर्ट केलाउने हो भने ५८ जना बिरामी फेला परेका छन्। जुन गत वर्ष यही समयमा मात्रै १९ जना थिए । त्यसैगरी गएको हप्तामा सबै भन्दा बढी संखुवासभा (१५ जना ) र धादिङ (१२ जना) मा फेला परेका छन् । ४ जना काठमाडौं बाट फेला परेका छन् भने जुम्लामा २ जना भेटिएका छन् ।

**डेंगु ज्वरो**

डेंगु ज्वरो एडिस एजेप्टाई र एडिस एल्वोपेक्टस नामक डेंगु भाइरस संक्रमित लामखुट्टेले टोकेर हुने तीब्र भाइरल संक्रमण हो । नेपालमा




प्राय गरेर प्रत्येक वर्ष जुन देखी अगस्ट महिनामा मनसुन सुरु हुन्छ र यती बेला नै धेरै केसहरु भेटिने गर्दछ।

**लक्षण**

**फेब्राइल अवस्था**

- एक्कासी उच्च ज्वरो आउनु हो। यो ज्वरो २ देखि ७ दिनसम्म रहन सक्छ।
- असाध्यै टाउको दुख्ने,
- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने
- ढाड, जोर्नी तथा मांसापेसीहरू दुख्ने,
- आँखाहरु पोल्ने,
- वाकवाकी लाग्ने ,बान्ता हुने, पेट दुख्ने
- शरीरमा विमिरा आउने,
- नाक वा गिजाबाट रगत बग्ने
- बच्चाहरुमा फेब्राइल सिजर हुने,
- कलेजो सुन्निने तथा कलेजो रहने ठाउँमा पेटमा थिच्दा दुख्ने,
- रगत जचाउँदा प्लेटलेट्स र सेता रक्तकोष क्रमशः घटदै जाने र पीसीभी बढ्दै जाने हुन्छ।

**जटिल अवस्था**

- ज्वरो हराउने बेलामा केही बिरामीहरु झन् सिकिस्त हुने गर्छन् जसमा बिरामीहरुलाई बान्ता हुने तथा अत्याधिक पेट दुख्ने, फोक्सो तथा पेटमा पानी जम्ने, बेहोस हुन थाल्ने, कलेजो, दिमाग तथा मुटुमा समस्या र अत्याधिक रक्तस्राव हुन सक्दछ। रोगको जटिलता बढ्दै गएमा र उचित उपचार नपाएमा बिरामीको ज्यान समेत जान सक्दछ।

**रिकभरी अवस्था**

- यदी २४-४८ घण्टाको क्रिटिकल फेज पार गरेपछि बिरामीहरुलाई सजिलो महसुस हुन्छ, खाना रुच्न थाल्छ, लक्षणहरु कम हुँदै जान्छ।

**कस्ता व्यक्ति जोखिममा छन् त ?**

- एक वर्ष मुनिका बालबालिका
- वृद्धवृद्धा
- मोटो मानिस
- रगत बग्ने समस्या हुने व्यक्ति
- गर्भवती

**उपचार**

यो एक किसिमको भाइरल ज्वरो भएकाले खासमा कुनै औषधि उपचार छैन। खास उपचार समेत नभएको हुँदा लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगको बचावटको मुख्य उपाय हो । बिरामीको अवस्था तुरुन्तै जटिल हुन गई मृत्युह समेत हुन सक्ने भएकाले शंकास्पद बिरामी वा आफन्तले तुरुन्तै नजिकै हुने स्वास्थ्य संस्थामा गई उचित परामर्श लिनु जरुरी देखिन्छ।

रगत बग्ने र ग्यास्ट्राइटिस गराउने जोखिम हुने भएकाले विशेष गरेर डेंगु देखिएको क्षेत्रमा ज्वरो कम गर्न सिटामोलको मात्रै प्रयोग गर्ने र अनावश्यक आईबुप्रोफेन तथा एस्पीरीनको प्रयोग नगर्ने ।

शरीरमा पानीको मात्रा कम हुन नदिने, झोलिलो पदार्थ प्रशस्तै खाने।

**बच्ने उपाय**

- डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुका साथै लामखुट्टेको वृद्धि रोक्ने
- सुर्योदय भएको २ घण्टा पछि र सुर्यास्त हुनु २ घण्टा अघी डेंगु गराउने लामखुट्टेले बढी टोक्ने भएकाले सो समयमा बढी सचेत रहने।
- पानी जम्न सक्ने भाँडाहरू जस्तै गमला, फुलदान, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, गाडीका काम नलाग्ने टायरहरू आदिमा पानी जम्न नदिने
- लामखुट्टेलाई टोक्न नदिन बाहुला भएको वा शरीर ढाकिने लुगा लगाउने,
- सम्भव भएसम्म दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने,
- लामखुट्टेको टोकाइबाट बच्न लामखुट्टे भगाउने मलहम दल्ने,
- घरका झ्याल ढोकामा जाली लगाउने,
- घर वरिपरी सफा सुग्घर राख्ने, पानी जम्ने खाल्टा खुल्टी पुर्ने गर्नु पर्छ।

# ५७० उद्योग र व्यावसायिक फर्म थपिए

पोखरापत्र संवाददाता
म्याग्दी, ६ साउन

म्याग्दी जिल्लामा पछिल्लो एक वर्षको अवधिमा ५७० उद्योग र व्यावसायिक फर्म थप भएका छन् ।

घरेलु तथा साना उद्योग कार्यालयमा नयाँ ३३८ उद्योग र २३२ वटा वाणिज्य फर्म दर्ता भएका हुन् । विसं २०७८ साउनदेखि २०७९ असारसम्म दर्ता, नवीकरण भएका उद्योग तथा फर्मबाट रु १६ लाख ८१ हजार ७५० राजस्व सङ्कलन भएको कार्यालयका प्रमुख पोषनाथ शर्माले बताउनुभयो ।

“पहिलेदेखिनै सञ्चालन भएका उद्योग तथा फर्म कानुनी दायरामा आउनुका साथै उद्यम व्यवसायतर्फको आकर्षणका कारणले दर्ता सङ्ख्या बढेको हो”, उहाँले भन्नुभयो, “नयाँ फर्म तथा उद्योग दर्ता गर्नेमा धेरैजसो युवा छन् ।” दर्ता र नवीकरणका क्रममा उद्योगबाट रु नौ लाख ३०५, वाणिज्यतर्फ रु सात लाख ६९ हजार २४५ र अन्य शीर्षकमा रु १२ हजार २०० राजस्व सङ्कलन भएको हो । अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा ७६२ वटा उद्योग र व्यावसायिक फर्म दर्ता भएका थिए ।

यसैगरी रु २६ लाख आठ हजार १२३ राजस्व सङ्कलन भएको थियो । नयाँ दर्ता भएका ३३८ मध्ये २०९ वटा कृषि तथा वन पैदावारमा आधारित छन् । यसअघि दर्ता भएका २३३ उद्योग र ३०९ वाणिज्य फर्म नवीकरण भएका छन् । जिल्लामा हाल उद्योग दुई हजार ६६१ र व्यावसायिक फर्म एक हजार ५२८ वटा रहेका छन् । उद्योगमा एक हजार ५२८ ले रोजगारी पाएका छन् । गत आर्थिक वर्षमा कूल रु एक करोड १३ लाख बजेटमध्ये रु ९३ लाख ६० हजार ११५ बजेट खर्च भएको छ । १७२ जनालाई उद्यमशीलता विकाससम्बन्धी तालिम प्रदान गरेको छ । बेनपा-९ तोरीपानीमा २२, धौलागिरि-७ ताकममा २७, मालिका-५ देवीस्थानमा ३४, रघुगङ्गा-६ पाखापानीमा २७, अन्नपूर्ण-४ नारच्याङमा २७ र मङ्गला-२ बाबियाचौरमा ३५ जनालाई तालिम प्रदान गरिएको कार्यालयका कम्प्युटर सहायक सन्तोष ढुङ्गानाले बताउनुभयो ।

१३ जनालाई मेसिन उपकरण खरिद गर्न रु १५ लाख ९५ हजार अनुदान उपलब्ध गराएको छ । सात वटा पर्यटकीय पूर्वाधार योजना निर्माणका लागि रु बीस लाख विनियोजन भएकोमा छवटा योजना सम्पन्न र रु १६ लाख ७९ हजार खर्च भएको छ । तीन ठाउँमा व्यवसाय दर्ता शिविर सञ्चालन र २० पटकमा २२२ फर्मको अनुगमन गरेको कार्यालयले जनाएको छ ।

# अवरुद्ध डुम्रे-बैँसीसहर सडक सञ्चालन

पोखरापत्र संवाददाता
लमजुङ, ६ साउन

बाढी र पहिराले अवरुद्ध बनाएको डुम्रे-बैँसीसहर सडकखण्ड पुनः सञ्चालनमा आएको छ। बिहीबारदेखि अवरुद्ध बनाएको यस सडकअन्तर्गत बैँसीसहर नगरपालिका-१ उदिपुरको देउराली डाँडामा पहिरो हटाउनाका साथै आज बिहान ११:३० बजेदेखि पुनः सडक सञ्चालनमा ल्याइएको हो ।

गत वर्ष र असार पहिलो साता आएको बाढीले डुम्रे-बैँसीसहरको देउराली डाँडाको सडक बगाएपछि वैकल्पिकरुपमा रहेको नेपाली सेनाको ब्यारेक, रिठ्ठेबगर हुँदै उदिपुर बजार जोडिने यस भागमा माथिबाट पहिरो खसेर अवरुद्ध भएको सडक पुनः सञ्चालन भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक कृष्णबहादुर कार्कीले बताउनुभयो । उहाँका अनुसार डुम्रे बैँसीसहर चामे सडक योजना कार्यालयको स्काभेटरले सडकमा आएको पहिरो हटाएसँगै पूर्णरुपमा सवारी साधन सञ्चालन भइरहेको छ। पटकपटक आएको बाढी र पहिराले यात्रा गर्न समस्या हुँदै आएको छ । हल्का वर्षा हुनासाथ लेदो आएर सडक अवरुद्ध हुने गरेको छ। साउन २ गतेयता अविरल वर्षाले पहिरो जाँदा राति बन्द गरिने र बिहान खुलाएर सडक सञ्चालन गर्ने गर्दै आइएको छ। काठमाडौँ, पोखरा, चितवनलगायत स्थानमा जाने र सो स्थानबाट बैँसीसहर आउने यात्रु उक्त पहिराले नै हैरान भएका थिए ।

डुम्रे-बैँसीसहर ४२ किलोमिटर दूरी रहेको यस सडक हुँदै मनाङवासी बैँसीसहर र बैँसीसहरबाट यस सडक हुँदै विभिन्न सहरमा पुग्ने गर्दछन् । उक्त पहिराले लमजुङ र मनाङबासीलाई बढी समस्या हुनाका साथै बिरामी बोकेका आकस्मिक एम्बुलेन्सलाई समेत समस्या हुने गरेको छ ।

# तनहुँका ५६ वडा बाढीपहिराको जोखिममा

-कृष्ण न्यौपाने
दमौली, ६ साउन (रासस)

तनहुँ जिल्लाका ५६ वडा बाढीपहिराको जोखिममा रहेको छ । जिल्ला विपद् व्यवस्थापन समितिले तयार गरेको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाअनुसार १० पालिकाका ५६ वडा बाढी र पहिराको जोखिममा रहेको हो ।

उक्त समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले वर्षात् का समयमा जिल्लामा पर्नसक्ने बाढीपहिरोलगायत जोखिम न्यूनीकरण तथा पूर्वतयारीकालागि कार्ययोजना बनाइएको जानकारी दिनुभयो । योजना कार्यान्वयनका लागि जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, जिल्ला समन्वय समिति, स्थानीय तहमा गठित विपद् व्यवस्थापन समितिले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने उहाँले बताउनुभयो । “जोखिम न्यूनीकरण र विपद् प्रतिकार्यबीच पारस्परिक सम्बन्ध हुन्छ, जोखिमलाई जति न्यूनीकरण गर्न सकियो उति नै जनधनको क्षतिमा कमी भइ विपद् प्रतिकार्य सरल र सहज हुन सक्छ”, प्रजिअ अर्यालले भन्नुभयो ।

जिल्लाका स्थानीय सरकारलाई स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्न आग्रह गरिएको उहाँले बताउनुभयो। विपद् आउनुपूर्व नै आवश्यक स्रोतसाधनको व्यवस्थासहित तयारी हालतमा बस्न र विपद्का समयमा खोज तथा उद्धार गरी आपत्कालीन राहत सहयोग एवं सुरक्षा प्रदान गर्न प्रतिकार्य योजना दस्तावेजका रुपमा रहेको प्रजिअ अर्यालले बताउनुभयो । “प्रकोपबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गरी जिल्लाको प्रतिकार्य क्षमताको वृद्धि गरी आपत् कालीनअवस्थाका पीडितको आवश्यकतालाई समयमै प्रभावकार रुपले पूरा गर्ने सुनिश्चितता हुनु नै योजनाको समष्टिगत उद्देश्य हो”, उहाँले भन्नुभयो। व्यास नगरपालिकाको वडा नं १, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३ र १४ का ६२ टोल बस्ती पहिराको जोखिममा छन् । यस्तै वडा नं १, २, ३, ६, ८, ९, ११ र १३ का ४७ बस्ती बाढीको जोखिममा छ । भानु नगरपालिका-४, ५, ६ र ७ का बस्ती पहिराका जोखिममा छन् भने वडा नं १, २, ५, ६, ७, ११, १२ र १३ बाढीको जोखिममा छन् । भिमाद नगरपालिका- ३, ५, ७, ८ र ९ का बस्ती पहिराका जोखिममा छन् भने वडा नं १ र २ बाढीको जोखिममा रहेको विपद् व्यवस्थापन समितिले जनाएको छ। शुक्लागण्डकी नगरपालिका-१, १०, ११ र १२ का बस्ती पहिराको जोखिममा छन् भने वडा नं ४ र ५ का बस्ती बाढीको जोखिममा छन् । देवघाट गाउँपालिका- १ को तीन वटा बस्ती, २, ३ र ४ का सम्पूर्ण क्षेत्र र वडा नं ५ को दुई वटा बस्ती पहिराको जोखिममा छन् भने वडा नं १ देखि ५ अन्तर्गतका नदी तटीय क्षेत्र बाढीको जोखिममा छन् ।

बन्दीपुर गाउँपालिका- १, २, ४ र ५ का १० वटा बस्ती पहिराको जोखिममा छन् भने वडा नं ६ को सामीकोट क्षेत्र बाढीको जोखिममा छ। घिरिङ गाउँपालिकाको वडा नं २, ३, ४ र ५ का १० वटा बस्ती पहिराका जोखिममा छन् भने वडा नं १ को कालीगण्डकी, मैदीखोला र सिरिङदीखोला किनारका बस्ती बाढीको जोखिममा छन् । ऋषिङ गाउँपालिका- १, २, ३, ६, ७, ८ का बस्ती पहिराका जोखिममा छन् भने वडा नं १, ३, ४, ५, ७ र ८ का झापुटार र बेलटारका नदी बाढीको जोखिममा छन् । आँबुखैरेनी गाउँपालिका- ४, ५ र ६ का बस्ती पहिराका जोखिममा छन् भने वडा नं २, ४, ५ र ६ का बस्ती बाढीको जोखिममा छन् । म्याग्दे गाउँपालिकाका वडा नं १ देखि ७ सम्मका वडा पहिराको जोखिममा छन् भने वडा नं ३ ६ को अकला क्षेत्र बाढीको जोखिममा छन्। “मनसुनका समयमा हुनसक्ने विभिन्न प्रकोपका घटना र यसबाट सिर्जना हुने विपद् को अवस्थामा तत्काल खोज, उद्धार तथा राहत वितरणलगायत कार्य गर्न कार्ययोजना बनाएर अगाडी बढेका छौं”, प्रजिअ अर्यालले भन्नुभयो, “सम्पूर्ण सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति र स्थानीय समुदायको प्रभावकारी परिचालनबाट राहत तथा उद्धार कार्यलाई जोड दिएका छौं ।” यो योजनाले मनसुनका कारण उत्पन्न हुने जोखिमको पूर्वानुमान गरी न्यूनीकरणमा सहयोग पुग्ने, राहत सङ्कलन एवं उद्धारका लागि सरकारी एवं गैरसरकारी निकाय अधिकतम परिचालन हुने, मनसुनका कारण उत्पन्न हुनसक्ने विपद्मा प्रतिकार्यका लागि सम्बद्ध निकाय तयारी अवस्थामा रहनेछन् । विपद्को समयमा खोज तथा उद्धार एवं आपत्कालीन सुरक्षा र राहत वितरण कार्यका लागि टोली तयार अवस्थामा राखिएको छ । नेपाली सेनाको चापाघाटस्थित कालीभञ्जन गण (इ) बाट सेना, जिल्ला प्रहरी कार्यालय तनहुँबाट २५ प्रहरी, सशस्त्र प्रहरी बल नेपालबाट विपद् व्यवस्थापनमा विशेष तालिमप्राप्त ५५सुरक्षाकर्मी तयार गरिएको छ । विपद्का समयमा खोज तथा उद्धार, सुरक्षित स्थानान्तरण एवं आपत् कालीन राहत सहयोगका लागि विभिन्न सङ्घसंस्थाबाट भौतिक स्रोतसाधन पनि तयारी अवस्थामा राखिएको प्रशासनले जनाएको छ।

जिल्ला प्रशासन कार्यालयबाट सेफ्टी हेलमेट, रेस्क्यु भेष्ट, लाइफ ज्याकेट, सावेल, मेटल बकेटलगायत सामग्रीको व्यवस्था गरिएको छ भने नेपाली सेना कालीभञ्जन गण (इ) बाट ट्युव, लाइफज्याकेट, कोदालो, गैंची, बञ्चरोलगायत आवश्यक सामग्रीको व्यवस्था गरिएको छ । जिल्ला प्रहरी कार्यालयबाट स्टेचर, लाइफ ज्याकेट, बञ्चरो, सशस्त्र प्रहरी बल नेपाल नं २३ गणबाट फलामको गल, सावेल, स्टेचर, नेपाल रेडक्रस सोसाइटीबाट गैर खाद्य सामग्रीको व्यवस्था गरिएको छ।

# चटचाङले रिपमा ५० बाख्रा मरे

रासस
हुम्ला, ६ साउन

हुम्लाको मध्यभागमा रहेको सर्केगाड गाउँपालिकाको रिपगाउँमा चट्याङ लागेर ठूलो सङ्ख्यामा बाख्रा मरेका छन् । चट्याङले सर्केगाडको वडा नं २ का ५० भन्दा बढी बाख्रा मरेका छन् भने एक जना घाइते भएका छन् ।

रिपको खानी भन्ने स्थानको खर्कमा बाख्रा लगेका बेला परेको चट्याङमा परेर दुई जनाका ५० बढी बाख्रा मरेको सर्केगाड वडा नं २ का वडाध्यक्ष सिद्ध कार्कीले जानकारी दिनुभयो ।

वडाध्यक्ष कार्कीका अनुसार चट्याङले घाइते भएका छक्का कार्कीको अवस्था अहिले सामान्य हुँदै गएको छ । चट्याङ लागेर घाइते हुनेबित्तिकै पिठ्युँमा बोकर रिपस्थित मूलघरमा ल्याइएका कार्कीको अवस्था अहिले सामान्य हुँदै गएको हो ।

खर्कमा अचानक परेको चट्याङमा परी स्थानीय कार्की र लुड्प्या महताराका ५० बढी बाख्रा तथा दुई गाईगोरु मरेका छन् ।

चट्याङ परेको स्थान गाउँबाट टाढा भएकाले क्षतिको विस्तृत विवरण नआएको वडाध्यक्ष कार्कीले बताउनुभयो ।

# वर्षात् नहुँदा रोपाइँ ढिलो

रासस
बागलुङ, ६ साउन

पूर्णरुपमा मनसुन सक्रिय नहुँदा रोपाइँ प्रभावित भएको छ। अघिल्ला वर्षमा यतिबेलासम्म लगभग रोपाइँ सकिन्थ्यो । कृषि ज्ञान केन्द्रका अनुसार यहाँ अझै २५ प्रतिशत रोपाइँ बाँकी छ । असार तेस्रो सातासम्ममा ६० प्रतिशत रोपाइँ भएकामा त्यसयता वर्षात् नभएपछि रोपाइँ ढिलो भएको हो ।

‘बीचमा एक हप्ताजति सुख्खा दिन परे, आकाशे पानीमा भर पर्ने खेतमा किसानले रोपाइँ गर्न पाएनन्, केन्द्रका प्रमुख भानुभक्त भट्टराईले भन्नुभयो, ‘केही दिनयता वर्षात् हुन थालेपछि किसानलाई केही राहत भने मिलेको छ, मौसमले साथ दिए साउन दोस्रो हप्तासम्ममा रोपाइँ सकिन्छ ।’ उहाँले जैमिनी नगरपालिकामा ६५ प्रतिशत र बलेवा क्षेत्रमा ६० प्रतिशत मात्र रोपाइँ भएको बताउनुभयो । ती ठाउँका खेतमा मकै बाली पाक्न ढिलो भएका कारणले पनि रोपाइँ पछाडि धकेलिएको उहाँको भनाइ छ । जिल्लाको अरु भागमा भने रोपाइँ सकिएको छ।

सिञ्चित र दुई बाली फल्ने खेतमा रोपाइँ छिटो हुन्छ । धेरै धान खेती हुने गलकोटको मजुवा फाँट, चिसापानी, ब्राहमुरी, आँगाखेतलगायत ठाउँमा गत जेठमै रोपाइँ सकिएको थियो । ती क्षेत्रमा बाह्रैमास सिँचाइको सुविधा छ। केन्द्रका अनुसार गलकोटसहित कुश्मीसेरा, खरबाङ, ग्वालीचौर, निसी, बुर्तिबाङलगायतका क्षेत्र छिटो रोपाइँ हुनेमा पर्छन् । रोपाइँ हुने मुख्य महिना असार भएपनि ती ठाउँमा पहिल्यै रोपाइँ सुरु भइसक्छ। मकै बाली हुने खेतमा भने किसानले मकै झिकेपछि असार अन्तिम र साउनसम्मै रोपाइँ गर्छन् ।

जिल्लाको कुल छ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको छ । त्यसमध्ये १० हेक्टरमा मात्र चैते धान लगाउने गरिएको केन्द्रले जनाएको छ । ‘यस वर्ष धान खेती हुने क्षेत्रफल बढ्ने अनुमान छ’, प्रमुख भट्टराईले भन्नुभयो, ‘उन्नतमा कम र स्थानीय जातकै धानमा किसानको बढी आकर्षण देखिन्छ।’

परालको जोहो र चामलको स्वादका लागि किसानले स्थानीय जात रोज्ने गरेको उहाँको भनाइ छ । उन्नत धानतिर किसानलाई आकर्षित गर्न केन्द्रले बिउ वितरण, बिज वृद्धिलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ । जिल्लाको २० प्रतिशत सिञ्चित क्षेत्रमा मात्रै धान खेती हुँदै आएको छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# सरकारी अस्पतालको स्तरोन्नतिसँगै बिरामीको बढ्दो चाप

-खेमराज गौतम

बागलुङ, ६ साउन (रासस)

कुनै दिन बागलुङको सरकारी स्वामित्वको धौलागिरि अस्पताल सुनसान हुन्थ्यो । सरकारी अस्पताल एउटा 'रिफर सेन्टर'का रुपमा मात्रै चिनिएको थियो । साविक धौलागिरि अञ्चलवासीलाई सेवा दिनका लागि सञ्चालित अस्पतालमा जिल्ला अस्पताल सरहकै सुविधा थिएन । अस्पतालमा आएका बिरामीलाई पोखरा वा अन्यत्र पठाउनुपर्ने बाध्यता केही वर्ष अघिसम्म थियो नै ।

बागलुङका स्थानीयवासीले रकम तिरेर भए पनि उपचार पाउन सकेका थिएनन् । साविक धौलागिरि अञ्चलका मुस्ताङ, म्याग्दी, पर्वत र बागलुङ जिल्लाका जनतालाई आधारभूत स्वास्थ्य सेवा पनि दिन नसकेको यस अस्पतालले भने पछिल्लो समय काँचुली नै फेरेको छ । धौलागिरि अस्पतालको भौतिक पूर्वाधार, उपकरण तथा विशेषज्ञ सेवाका कारण बिरामीको चाप ह्वात्तै बढेको छ भने स्वास्थ्य बीमाको सफल कार्यान्वयनले समेत अस्पतालमा बिरामी आकर्षित भएका छन् । अहिले टोकन लिने, नाम लेखाउने, बिल काट्ने र चिकित्सकलाई भेट्न पालो कुर्नुपर्ने अवस्था छ । अस्पतालमा चाप बढेसँगै फार्मेसी र प्रयोगशालामा बिरामी लामो लाइन बस्नुपर्ने अवस्था छ । पछिल्लो समय धौलागिरि अस्पतालमा निकै सुधार भएको र स्वास्थ्य बीमाको बागलुङमा सफल कार्यान्वयन भएका कारण अस्पतालमा बिरामीको चाप ह्वात्तै बढेको छ । दरबन्दीका चिकित्सक नभए पनि अस्पतालले करार र छात्रवृत्तिका चिकित्सकको भरमा अस्पतालमा सेवा दिँदै आएको छ । कुनै दिन निजी अस्पतालमा जाने बिरामी अहिले यस अस्पतालमा आउन थालेको धौलागिरि अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा शैलेन्द्र विक पोखरेलले बताउनुभयो । अस्पतालमा दैनिक ३०० देखि ४०० बिरामी सेवा लिन आउने गरेको अस्पतालले जनाएको छ । डा पोखरेलले भन्नुभयो, "अहिले अस्पताल नागरिकको भरोसायोग्य बन्दै आएको छ, हामीले सकेसम्म नागरिकलाई सन्तुष्टि पार्ने गरी उपचार गरेका छौँ ।"

अस्पतालमा एक मेडिकल सुपरिटेन्डेन्टसहित १६ विशेषज्ञ र छ मेडिकल अधिकृतको दरबन्दी रहेकामा मेडिकल सुपरिटेन्डेन्टबाहेक अरु दरबन्दी रिक्त छ । अहिले पाँच मेडिकल अधिकृत, १० करार र छात्रवृत्तिका विशेषज्ञ चिकित्सकले सेवा दिइरहेका छन् । अस्पतालको भौतिक संरचना तथा बाहिरी वातावरणसमेत कुनै निजी अस्पतालको भन्दा कम छैन । जिल्लामा २०१६ सालमा डिस्पेन्सरीको रुपबाट सेवा दिन थालेको यस अस्पताल २०३३ सालदेखि जिल्ला अस्पताल, २०६७ सालमा अञ्चलस्तरीय र धौलागिरिको सबैभन्दा ठूलो सरकारी अस्पतालको रुपमा सञ्चालित छ । गण्डकी प्रदेशले प्रदेशको उप-प्रादेशिक अस्पताल बनाउने गरी बजेट तथा कार्यक्रममा समावेशसमेत गर्दै आएको छ । अस्पतालमा २०७२ सालपछि डायलासिस सेवा थपिएको छ । अस्पतालले आफैँ अक्सिजन उत्पादन गर्दै आएको छ भने कोरोनाकालमा पाँच शय्याको आइसियु सेवासमेत सुरु गरेको थियो । अस्पतालमा अहिले आइसियु, बालबालिकाका लागि एनआइसियु, भेन्टिलेटरजस्ता अत्यावश्यक सेवासमेत थपिएका छन् । अस्पतालमा अपाङ्गमैत्री संरचना, विद्युतीय भन्याङलगायतका सेवा रहेका छन् । हालै गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० मा सिटिस्क्यान सेवाका लागि अस्पताललाई रु १० करोड बजेटसमेत विनियोजन गरेको छ । अस्पतालमा अहिले धौलागिरिका चारै जिल्लालाई पुग्ने अक्सिजन उत्पादन गर्ने रु तीन करोड लागतको प्लान्ट निर्माणसमेत गरिएको छ । जिल्लामा मुक्तिनाथ अस्पताल, नीलगिरि अस्पताल र सफल पोलिक्लिनिक गरी तीनवटा अस्पताल छन् । सरकारी अस्पतालले सेवा सुधार गरेपछि निजी अस्पताल बन्द हुने अवस्थामा पुगेको निलगिरी अस्पतालका अध्यक्ष डिलबहादुर कार्कीले बताउनुभयो । जिल्लाको सबैभन्दा पुरानो निजी अस्पतालको रुपमा रहेको मुक्तिनाथ अस्पताल पनि सञ्चालन गर्न कठिनाइ रहेको सो अस्पतालका सञ्चालक सुशील पन्तको भनाइ छ । बागलुङमा स्वास्थ्य बीमा कार्यक्रम प्रभावकार रुपमा सञ्चालित छ । एकपटक बीमा गरेका परिवारले धौलागिरि अस्पतालबाट सबै सेवा निरन्तर पाउन थालेपछि बिरामी निजी छोडेर सरकारी अस्पताल आउन थालेका हुन् । स्वास्थ्य बीमाका कारण निःशुल्क उपचार पाएपछि निजी अस्पताल छोडेर सरकारी अस्पतालमा बिरामीको सङ्ख्यामा वृद्धि भएको हो । जिल्लामा २०७३ असारदेखि सुरुआत गरिएको स्वास्थ्य बीमा कार्यक्रममा हालसम्म ८० हजार आबद्ध भएको स्वस्थ्य बीमा बोर्ड बागलुङ दर्ता अधिकारी नारायण शर्माले बताउनुभयो । उहाँका अनुसार स्वस्थ्य बीमा गर्नेको सङ्ख्या दैनिकरुपमा वृद्धि भइरहेको र सरकारीअस्पतालसेवामासहजरुपमासेवा दिइराखेको छ । उहाँले भन्नुभयो, "धौलागिरि अस्पतालको सेवा प्रभावकारी भएकै कारण बीमाप्रति आकर्षण बढेको छ ।" सरकारले स्वास्थ्यमा सबै नागरिकको समान पहुँच पुगोस् भन्ने उद्देश्यले अगाडि सारेको उक्त कार्यक्रमले जिल्लामा आर्थिकरूपमा विपन्न र गरिब समुदायका बिरामीले औषधि उपचारमा ठूलो राहत महसुस गर्न थालेका छन् ।

पाँच जनासम्मको परिवारका सदस्यले वार्षिक रु तीन हजार ५०० तिर्नुपर्ने र पाँचभन्दा बढी परिवारका सदस्य भएकाको हकमा प्रतिसदस्य रु ७०० का दरले शुल्क बुझाइ बीमा गरेपछि एक वर्षका लागि बीमा गरेका परिवारका सदस्यको वार्षिककरूपमा रु एक लाखसम्मको औषधि उपचार निःशुल्क हुने व्यवस्था छ । सरकारले बीमा रकम तिर्न नसक्ने अतिगरीब तथा ७० वर्ष नाघेका वृद्धवृद्धालाई बीमा रकमबापतको शुल्क तिरिदिने व्यवस्था गरेको छ । सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमअन्तर्गत बीमा गर्ने कुनै पनि व्यक्तिले तोकिएको कुनै पनि सरकारी अस्पतालबाट ओपिडी सेवा, इमर्जेन्सी, ल्याब उपचार, सामान्य शल्यक्रियालगायत उपचार गराउनाका साथै झण्डै ४८० प्रकारका निःशुल्क औषधि प्राप्त गर्न सक्नेछन् ।

# लालीगुराँस संरक्षण अभियान

पोखरापत्र संवाददाता

दमौली, ६ साउन



तनहुँको सबैभन्दा अग्लो स्थान आँबुखैरेनीको छिम्केश्वरीमा नेपालको राष्ट्रिय फूल लालीगुराँसको संरक्षण अभियानथालिएकोछ। आँबुखैरेनी गाउँपालिका-५ छिम्केश्वरी मन्दिर आसपास लालीगुराँस संरक्षण अभियान सुरुआत गरिएको हो ।

कास्कीका ढाकाराम लामिछानेकोसक्रियतामाछिम्केश्वरीमा लालीगुराँसका बिरुवा रोपिएको छ । यसक्रममा ११ प्रजातिका ७० बिरुवा रोपिएको लामिछानेले जानकारी दिनुभयो । 'लालीगुराँस फुलाऔँ, पर्यटक बोलाऔँ : हाम्रो अभियान आगन्तुकको प्रोत्साहन' भन्ने मूल नारा सहित छिम्केश्वरीमा लालीगुराँसको बिरुवा रोपण गरिएको उहाँले बताउनुभयो ।

उहाँले कास्की जिल्लाको २३ ठाउँमा लालीगुराँसका बिरुवा रोपिसक्नुभएको छ । विगत छ वर्षदेखि लालीगुराँस संरक्षणमा लाग्नुभएका उहाँले पहिलोपटक कास्कीको ठूलोकोटमा लगाएको लालीगुराँस फुल्न थालेको जानकारी दिनुभयो । "नेपालको राष्ट्रिय फूल लालीगुराँसको संरक्षणका लागि निकै कम चासो रहेको पाएपछि यसको संरक्षणका लागि लागेको हुँ," उहाँले भन्नुभयो, "लालीगुराँस संरक्षण गर्ने काम नेपालमा नभएपछि त्यसतर्फ झुकाव राखेको काम गर्दै आएको छु ।"

उहाँका अनुसार हालसम्म सात हजार आठ सय लालीगुराँसका बिरुवा रोपिसकिएको छ । अहिले रोपिएको लालीगुराँस पाँचदेखि सात वर्षसम्म फुल्छ । अहिलेसम्म ९० प्रतिशत बिरुवा सार्न सफल भइएको उहाँले बताउनुभयो । "नेपालका सबै ठाउँमा पुग्छु भन्ने लक्ष्य राखेको छु, मुख्य उद्देश्य भनेको लालीगुराँसको संरक्षण गर्नुपर्छ भन्ने नै हो", उहाँले भन्नुभयो ।

उहाँले यस वर्ष तेह्रथुमबाट आठ सय बिरुवा खरिद गरी ल्याउनुभएको छ । हालसम्म खर्चको व्यवस्थापन आफैँले गर्दै आएको उहाँले बताउनुभयो । "रोप्नुमात्रै ठूलो कुरा होइन, संरक्षण गर्नु ठूलो कुरा हो । जहाँ जहाँ रोपिएको छ, त्यहाँका स्थानीयवासीसँग सहकार्य गर्दै आएका छौँ", उहाँले भन्नुभयो । नेपालमा ३२ प्रजातिका लालीगुराँस रहेको छ । छिम्केश्वरीमा लालीगुराँस संरक्षण अभियानमा आँबुखैरेनी गाउँपालिकाले साथ दिएको छ ।

गाउँपालिकाका अध्यक्ष शुक्र चुमान, उपाध्यक्ष दुर्गा अर्यालगायतले लालीगुराँसको बिरुवा रोपण गर्नुभएको छ । यस ठाउँमा लालीगुराँस पार्क निर्माण गर्ने गाउँपालिकाको योजना रहेको अध्यक्ष चुमानले जानकारी दिनुभयो । लालीगुराँस संरक्षण गर्दै लालीगुराँस हेर्न आँबुखैरेनी जाऔँ भन्ने बनाइने उहाँले बताउनुभयो ।

छिम्केश्वरीको हावापानी लालीगुराँस फूलका लागि उपयुक्त छ । आँबुखैरेनीमा प्रत्येक वर्ष लालीगुराँस फूल्ने गरेको छ । प्रसिद्ध छिम्केश्वरी मन्दिर पनि रहेकाले यहाँ बर्सेनि सर्वसाधारणको आवतजावत वृद्धि भइहेको छ ।

समुद्र सतहबाट दुई हजार १३४ मिटर उचाइमा छिम्केश्वरी अवस्थित छ । विशेष गरी होली र नयाँवर्षको अवसरमा छिम्केश्वरी र बूढीमाईको दर्शन गर्न भक्तजनको भीड हुने गर्दछ । गोरखा मनकामनाकी दिदीका रुपमा पुजिँदै आएकी छिम्केश्वरीमाई मन्दिरमा पूजाआजा गरेपछि मनले चिताएको इच्छा पूरा हुने धार्मिक विश्वास रहँदै आएको छ ।

सात देवीमध्ये जेठी बूढीदेवीमाई र माइली छिम्केश्वरीमाई छिम्केश्वरीलेकमै अवस्थित छन् भने साइली गोरखा कालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोही स्थलबाट दृश्यावलोकनसहित दर्शन गर्न सकिन्छ ।

# जीर्ण बन्दै लमजुङ दरबार

-जनक श्रेष्ठ

लमजुङ, ६ साउन (रासस)

सोह्रौँ शताब्दीमा निर्माण भएको जिकिर गरिएको लमजुङ दरबार संरक्षणको अभावमा जीर्ण बन्दै गएको छ । बेँसीसहर नगरपालिका वडा नं ३ गाउँसहरमा रहेको उक्त दरबार संरक्षण तथा मर्मत नहुँदा दिन प्रतिदिन जीर्ण बन्दै गएको हो ।

समुद्री सतहदेखि एक हजार ४४५ मिटर उचाइमा रहेको उक्त दरबारलगायत अन्य पुराना संरचना पनि बेवास्ताको सिकार भइरहेको छ । विभिन्न काल खण्डमा धेरै दरबार बनेो बाइसेचौबिसे राज्यका बेला गोरखा दरबार, पाल्पा दरबार, नुवाकोट दरबार, भक्तपुर दरबार हुँदै बसन्तपुरसम्मका नयाँ-नयाँ दरबार बनेका थिए । ऐतिहासिक, पुरातात्विक र पर्यटकीय महत्वका दरबारको उत्तिकै महत्व रहँदा पनि एतिहासिक लमजुङ दरबार भने अझैसम्म ओझेलमै छ । शाहवंशीय राज्यकालको उद्गमथलो लमजुङ हो भने र त्यसैको विरासत हो लमजुङ दरबार । कास्कीकोटका राजा कुलमण्डलका माइला छोरा कालु शाहलाई विसं १५४० मा लमजुङका खजेदुरा, सुकराम क्याउसा, माघे दुरा, कुश्माखर घिमिरे र लक्ष्मण दुराले लमजुङको पहिलो चौबिसे राज्यका राजा बनाएका थिए । त्यसको केही समयमै लमजुङमा शासनको बागडोर सम्हालेका तत्कालीन घले राजाको सेनाले कालु शाहको हत्या गरिदिएको इतिहासमा उल्लेख छ । सो घटनापछि उनीहरुले नै कुलमण्डलका कान्छा छोरा यशोब्रह्म शाहलाई पुनःकास्कीकोटबाट ल्याएर राजकाज अघि बढाएका थिए । उनलाई १५ असार रविबारका दिन १५ घडीको सिंह लग्नमा विसं १५५० मा राजगद्दीमा बसाइएको शिलालेखमा उल्लेख छ । उनको मृत्युपछि उनका जेठा छोरा नरहरि शाह विसं १५९८ मा राजा भए । उनीपछि क्रमशः चुडा शाह १६४५, अचित शाह १६६२, नरेन्द्र शाह १६९३, केहरिनारायण शाह १७३३, भीम शाह १७९४, रीपुमर्दन शाह १७९८ र बीरमर्दन शाहले १८०२ देखि १८३९ सम्म गरी नौ पुस्ताले उक्त दरबारबाट शासन चलाएका थिए । लमजुङको अन्तिम राजा वीर शाह थिए । विसं १८३९ कात्तिक १९ गतेसम्म शाह वंशले लमजुङ दरबारमा राजा भएर राजगद्दी सम्हालेको स्थानीयवासीले बताए । शाहवंश राजा आएपछिसमेत धेरै समयसम्म घले राजा रहेको जानकारको भनाइ छ ।

त्यतिबेलाको पश्चिम नेपालको लमजुङ-कास्की क्षेत्रमा फैलिँदै गएका हिन्दू धर्मावलम्बी खसआर्य समुदाय र लमजुङका खजे दुरालगायत दुराहरुको पहलमै लमजुङमा घले राजाको सट्टामा अर्को राजा बनाइएको स्थानीय जानकार देवबहादुर गुरुङले बताउनुभयो । शाहवंश आउनुअघि यहाँ घलेराजाले राजकाज चलाउँथे । नरहरि राजा भएका बेला यशोब्रह्माका छोराले झगडा गरेपछि कान्छा छोरा द्रव्यशाह राइनासकोटको गोठमा बसेका थिए । उनी लमजुङ दरबारमै हुर्किएपछि उक्त गोठमा बस्दै आएका थिए । पछि १६१६ सालतिर गोरखाको लिगलिगकोटको दौडमा जितेपछि उनले लिगलिगकोट र माझकोट कब्जा गरी गोरखा राज्य खडा गरेर राजकाज चलाएका थिए। द्रव्यशाहको ११औँ पुस्ता पृथ्वीनारायण शाह रहेको बताइन्छ । पृथ्वीनाराण शाहले बाइसे-चौबिसे राज्यलाई एकीकरण गरी अखण्ड नेपाल बिस्तारको अभियान थाले। विभिन्न राज्य कब्जा गरे पनि लमजुङ भने स्वतन्त्र थियो । विसं १८३९ मा पृथ्वी नारायण शाहको बुहारी राजेन्द्रलक्ष्मी शाहको पालामा लमजुङ नेपाल राज्यमा गाभिएको जानकारको भनाइ छ । सो बेला गोरखा र लमजुङको तार्कुघाटमा लडाइँ हुँदा लमजुङले हारेपछि नेपाल राज्यमा गाभिएको थियो । यस्तो महत्व र तत्कालीन राज्यकालका थुप्रै ऐतिहासिक उतारचढावको साक्षीका रुपमा रहेको लमजुङ दरबार दिनप्रतिदिन जीर्ण बन्दै गइरहेको छ । पानी पर्दा दरबारको छानाबाट पानी भित्रै चुहिने गरेको स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालयका एक कर्मचारीले बताए । विसं २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पले पनि दरबारको पुतली गारोलगायत अन्य भागमा क्षति पुऱ्याउँदा पनि मर्मत गरिएको छैन । विभिन्न समयका सरकार र राज्यका सम्बन्धित निकायले दरबारको उचित मर्मतसंहार, संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न नसकेको स्थानीयवासी एवं बेँसीसहर नगरपालिका-३ का पूर्ववडाध्यक्ष सूर्यकुमार श्रेष्ठले बताउनुभयो ।

राज्यको बेवास्तामा परेकाले र आवश्यक प्रचारप्रसार नहुँदा सो दरबारको ऐतिहासिक, पुरातात्विक र पर्यटकीय महत्वसमेत नामेट हुने अवस्थामा पुगेको उहाँको गुनासो थियो । दरबारको हेरचाहका लागि बसेका प्रहरीले प्राय सबै कोठा भत्किएको दरबारको छानोमा प्वालैप्वाल परेकाले जुनसुकै बेला पनि भत्किनसक्ने अवस्थामा पुगेको बताए ।

त्यस्तै लमजुङ दरबारको शिरमा पुरानोकोट गढी रहेको छ । सो गढी क्षेत्रमा बसोबासका भग्नावशेष, मठमन्दिर, त्यतिबेला प्रयोग गरेका ढिकीको ओखल, जाँतो, सिलौटोजस्ता सामग्री अहिले पनि देख्न पाइन्छ । मन्दिर र ढिकी, जाँतो राजाका सेनाले कुस्रा दिने भवन यतिबेला भग्नावेश अवस्थामा रहेको छ । उक्त दरबारमा राजा भएका शाहवंशीय राजाका फोटो र केही सामग्री गृहयुद्धका बेला तत्कालीन माओवादीले जलाएर नष्ट पारिदिएको उक्त हेरचार कार्यालयले जनाएको छ ।

दरबार परिसरको द्वार एवं पदमार्ग नगरपालिकाले निर्माण गरिरहे पनि दरबारको संरक्षण र मर्मत भने सम्बन्धित निकायको विशेष जिम्मा हुने बेँसीसहर नगरपालिका प्रमुख गुमानसिंह अर्यालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले यसका लागि बेलाबेलामा सम्बन्धित निकायमा पहल गरेका छौँ तर जति संरक्षण तथा मर्मत हुनुपर्ने थियो हुन नसक्दा जीर्ण बन्न पुगेको छ । सोह्र रोपनी क्षेत्रफलमा लमजुङ दरबार रहेको छ ।"

# थप ४५६ मा कोरोना संक्रमण पुष्टि

रासस

काठमाडौं, ६ साउन

देशभर पछिल्लो २४ घण्टामा ४५६ जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ । सो अवधिमा तीन हजार ८३८ जनाको नमूना परीक्षण गरिएको थियो । दुई हजार १६८ जनाले पिसिआर र एक हजार ६७० जनाको एन्टिजीन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा ८० जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमण मुक्त हुनेको संख्या नौ लाख ६८ हजार ३०८ पुगेको छ । सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव पाँच प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

सो अवधिमा तीन लाख ८६ हजार ७८२ जनाले कोभिड विरुद्धको खोप लगाएका छन् । हाल सक्रिय सङ्क्रमितको संख्या दुई हजार ८४१ रहेको छ । हालसम्म नेपालमा कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९५४ पुगेको छ । होम आइसोलेशनमा दुई हजार ७०८, संस्थागत आइसोलेसन १३३ र आइसियू २२ जना सङ्क्रमित रहेका छन् । हाल देशभरमा ५०० भन्दाबढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौँ र २०० भन्दाबढी सङ्क्रमित रहेको ललितपुर रहेको छ । सून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, मुस्ताङ, जाजरकोट, कालिकोट, मुगु, जुम्ला, बाजुरा र डढेलधुरा रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा एक हजार ५४९ र ललितपुर २५३ र भक्तपुरमा ८० सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ ।

# विश्व तेक्वान्दोमा अशोक खड्का निर्णायक

रासस

काठमाडौं, ६ साउन

विश्व तेक्वान्दो च्याम्पियनसिपमा सेकेन्ड क्लास अन्तराष्ट्रिय निर्णायक अशोक खड्काले निर्णायकको भूमिका निर्वाह गर्ने हुनुहुभएको छ ।

उक्त प्रतियोगिता बुल्गेरियाको सोफियामा हुनेछ । प्रतियोगिताअन्तर्गत क्याडेटको प्रतिस्पर्धा साउन १२ देखि १५ गतेसम्म हुनेछ । साउन १७ देखि २२ गतेसम्म जुनियरको खेल हुनेछ । दुवैमा अशोकले निर्णायकको भूमिका निर्वाह गर्नुहुनेछ । प्रतियोगितालाई लक्षित गरी साउन १० र ११ गतेसम्म रेफ्री रिफ्रेसर कोर्स पनि हुनेछ । कोर्समा पनि अशोक सहभागी हुनुहुनेछ । निर्णायकका लागि विश्व तेक्वान्दोले नै छनोट गरेको खड्काले जानकारी दिनुभयो । उहाँको दक्षिण एसियाबाट उक्त प्रतियोगिताका लागि निर्णायकमा छनोट हुने अशोक एक्लो हुनुहुन्छ । वैशाख यता अशोकले प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्न लागेको पाँचौँ पटक हो । यसअघि उहाँले दक्षिण कोरिया, अस्ट्रिया, स्विडेन र बेल्जियममा भएको प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो । उहाँलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टङ्कलाल घिसिङले आज यहाँ आयोजित एक कार्यक्रममा सफलताको शुभकामना दिँदै विदाइ गर्नुभयो ।

उक्त प्रतियोगिताको लागि अशोक आइतबार बुल्गेरियाको सोफिया प्रस्थान गर्नुहुनेछ ।